# लुम्बिनी प्रदेशमा मन्त्रीपरिषद् पुनर्गठन



**नवनियुक्त मन्त्रीहरू शपथग्रहण गर्नुहुँदै ।**

**बुटवल समाचारदाता**
*बुटवल, जेठ २५ गते*

लुम्बिनी प्रदेशका नवनियुक्त मन्त्रीहरूले सोमबार पद तथा गोपनीयताको शपथ लिएका छन् । मन्त्रीपरिषद् पुनर्गठनसँगै नवनियुक्त पाँच जना मन्त्रीले पद तथा गोपनीयताको शपथग्रहण गरेका हुन् ।

मुख्यमन्त्री चेतनारायण आचार्यले यसअघि गत जेठ २० गते मन्त्रीपरिषद् पुनर्गठन गर्नुभएको थियो; जसमा नेकपा (एमाले) बाट चार र जसपाबाट एक मन्त्री नियुक्त भएका थिए । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले सोमबार प्रदेश प्रमुखको कार्यालय बुटवलमा नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो ।

नवनियुक्त मन्त्रीहरूमा एमालेबाट तुलसीप्रसाद चौधरी, डिल्लीराज भुसाल, रामजीप्रसाद घिमिरे, रत्नबहादुर खत्री र जसपाबाट भण्डारीलाल अहिर रहनुभएको छ । नवनियुक्त तुलसीप्रसाद चौधरीलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय; डिल्लीराज भुसाललाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, रामजीप्रसाद घिमिरेलाई स्वास्थ्य मन्त्रालय, रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय र भण्डारीलाल अहिरलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

# ‘सुकुमवासीको दीर्घकालीन व्यवस्थापन होस्’

**जमुनाह समाचारदाता**
*जमुनाह (बाँके), जेठ २५ गते*

बाँकेको कोहलपुर नगरपालिका अन्तर्गत शान्तिनगर अव्यवस्थित बसोबासी तथा सुकुमवासी परिवारले दीर्घकालीन व्यवस्थापनको माग गरेका छन् ।

दीर्घकालीन व्यवस्थापन नहुँदा अस्थायी रूपमा बसोबास गरेर पीडा भोग्नुपर्ने भए आफूहरू पुरानो स्थानमा फर्केर त्रिपाल टाँगेर बस्न बाध्य हुने चेतावनी उनीहरूले दिएका छन् । नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा खाली गराउने क्रममा केही समयअघि शान्तिनगरस्थित सुकुमवासी बस्ती हटाइएपछि प्रभावित परिवारले आफूहरूको तत्काल उचित व्यवस्थापन गर्नुपर्ने माग गरेका हुन् ।

कोहलपुरस्थित क्रिकेट मैदानमा आयोजित भेलामा जम्मा भएका सुकुमवासी परिवारले दीर्घकालीन व्यवस्थाका लागि जोडदार माग राखेका छन् । भेलाले वीरबहादुर परियारको संयोजकत्वमा आठ सदस्यीय सङ्घर्ष समिति गठन गर्दै आफ्ना माग सम्बन्धित निकायसमक्ष राख्ने निर्णय गरेको छ । सङ्घर्ष समितिका संयोजक परियारले बस्ती हटाइएपछि वास्तविक सुकुमवासीमध्ये केहीलाई होल्डिङ सेन्टरमा राखिए पनि धेरै परिवार अझै व्यवस्थापनविहीन अवस्थामा रहेको दाबी गर्नुभयो ।

परियारले भन्नुभयो, “घरजग्गा भएका व्यक्तिहरू आआफ्नो व्यवस्थापन गरेर अन्यत्र बसाइँ सरेका छन् तर वास्तविक रूपमा भूमिहीन र सुकुमवासी रहेका परिवार अहिले निकै कठिन अवस्थामा जीवनयापन गर्न बाध्य छन् । हामीमध्ये धेरै जना अहिले महँगो भाडा तिरेर बस्न बाध्य भएका छौँ । आम्दानीको स्रोत छैन, कसरी जीवन गुजारा चलाउने भन्ने अवस्थामा पुगेका छौँ ।” उहाँका अनुसार प्रभावित परिवारले विभिन्न स्थानमा कोठा खोजे पनि सहज रूपमा बस्न पाएका छैनन् । कतिपय घरधनीले कोठा दिन नमानेको र कोठा पाए पनि महँगो भाडा तिर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ । प्रभावितमध्येका रूपा परियारले बस्ती हटाइएपछि आफ्नो परिवारको जीवन निकै कष्टकर बनेको बताउनुभयो । उहाँले भन्नुभयो, “पहिला आफ्नै झुपडी भए पनि बस्ने ठाउँ थियो । अहिले कोठा खोज्दै हिँड्नु परेको छ । हामीलाई कोठा पनि दिँदैनन् । कमाइ कम छ, खर्च धान्न सकिएको छैन ।”

त्यसै गरी अर्का प्रभावित कमला परियारले पनि राज्यले आफूहरूको बसोबासको व्यवस्था गर्न नसके अब पुरानै ठाउँमा फर्किनुको विकल्प नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “हामीलाई कि बस्ने व्यवस्था गरियोस्, नत्र घर भत्काइएको ठाउँमै त्रिपाल टाँगेर बस्न बाध्य हुन्छौँ । हामीसँग अर्को विकल्प छैन ।”

सङ्घर्ष समितिले पहिलो चरणमा कोहलपुर नगरपालिका र बाँकेका प्रमुख जिल्ला अधिकारीसँग छलफल गर्ने निर्णय गरेको छ । छलफलबाट समस्या समाधानको ठोस पहल नभए थप आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने समितिले जनाएको छ । संयोजक परियारका अनुसार न्याय र पुनर्स्थापनाको माग गरेका प्रभावित परिवार आवश्यक परे धर्ना, प्रदर्शनलगायतका आन्दोलनका कार्यक्रमसमेत सञ्चालन गर्ने तयारीमा छन् ।



तस्बिर : लक्ष्मी तिमिल्सेना

**दीर्घकालीन व्यवस्थापनको माग राखी भेला भएका अव्यवस्थित बसोबासी ।**

## रास्वपामा नयाँ नेतृत्व

**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ २५ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा सम्पन्न प्रथम जिल्ला अधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेको छ । रुपन्देही, रोल्पा, प्युठान, कपिलवस्तु, बाँकेलगायतका जिल्लामा सम्पन्न अधिवेशनबाट नयाँ जिल्ला कार्यसमिति निर्वाचित भएका छन् ।

रुपन्देहीमा महेन्द्र उपाध्याय चापागाईं जिल्ला सभापतिमा निर्वाचित हुनुभएको छ । उपसभापतिमा दुर्गाप्रसाद खनाल, सचिवमा ज्ञानेन्द्र पाण्डे तथा सहसचिवमा बाबुराम अर्याल निर्वाचित हुनुभएको छ ।

रोल्पामा सम्पन्न प्रथम जिल्ला अधिवेशनले बालाराम थापाको नेतृत्वमा १० सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्पत चयन गरेको छ । उपसभापतिमा भूपेन्द्र सिंह वली, सचिवमा हिराबहादुर घर्तीमगर, सहसचिवमा बालाराम डाँगी र कोषाध्यक्षमा पिपला चन्द सेन चयन हुनुभएको छ । प्युठानमा विकास पोखे्रल जिल्ला अध्यक्षमा निर्वाचित हुनुभएको छ । उपाध्यक्षमा केशवबहादुर महतारा, सचिवमा यज्ञवीर पाण्डे र सहसचिवमा डा. ओमहरि भट्टराई निर्वाचित हुनुभएको छ । कपिलवस्तुको प्रथम जिल्ला अधिवेशनबाट शिवप्रसाद सुवेदी अध्यक्षमा निर्वाचित हुनुभएको छ । उपाध्यक्षमा रामनिवास पुरी, सचिवमा यमलाल आचार्य तथा सहसचिवमा देवेन्द्रकुमार शर्मा निर्वाचित हुनुभएको छ । बाँकेमा जिल्ला सभापति पदमा चार जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिए पनि कसैले आवश्यक ५१ प्रतिशत मत प्राप्त गर्न सकेनन् ।

# धमाधम विद्यालय समायोजन

**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), जेठ २५ गते*

बर्दियामा धमाधम विद्यालय समायोजन भइरहेका छन् । आधारभूत तह (कक्षा १–५) सम्मका विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएपछि विद्यालय धमाधम गाभ्ने काम भइरहेको छ । बर्दिया जिल्लाका अधिकांश पालिकाले विद्यालय समायोजन गरेका छन् । आठ वटा पालिकामध्ये सात वटा पालिकाले विद्यालय समायोजन गरेका छन् । प्रतिविद्यालय ५० भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयलाई नजिकको र पायक पर्ने विद्यालयमा समायोजन गरिएको छ ।

ठाकुरबाबा नगरपालिकाले हालसम्म १७ वटा विद्यालय समायोजन गरिसकेको छ । ३५ वटा विद्यालय रहेकामा हाल १८ वटा मात्र विद्यालय कायम रहेका छन् । ठाकुरबाबा नगरपालिकाका उपसचिव रामहरि रिजालले विद्यालय सङ्ख्या कम बनाउने र गुणस्तरीय शिक्षा दिने गरी विद्यालय समायोजन गरिएको बताउनुभयो । बारबर्दिया नगरपालिकाले हालसम्म सात वटा विद्यालय समायोजन गरेको छ । बारबर्दिया नगरपालिकाका शिक्षा सहायक खोमराज काफ्लेले विद्यार्थी सङ्ख्या कम भएका विद्यालयलाई समायोजनतर्फ लगिएको बताउनुभयो । राजापुर नगरपालिकाले यसै शैक्षिक सत्रमा ५० भन्दा कम विद्यार्थी भएका पाँच वटा विद्यालय अर्को विद्यालयमा समायोजन गरेको छ । शिक्षा निर्देशक टीकानाथ गोसाईंले पहिलो चरणमा ५० भन्दा कम विद्यार्थी भएको विद्यालयलाई समायोजनतर्फ लगेको बताउनुभयो ।

बढैयाताल गाउँपालिकाका शिक्षा शाखा प्रमुख विश्वराज ढकालले ३० जनाभन्दा कम विद्यार्थी सङ्ख्या भएका तीन वटा विद्यालय समायोजन गरिसकेको बताउँदै ५० भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयलाई समायोजन गर्ने तयारी भइरहेको बताउनुभयो । शिक्षा सहायक चन्द्रबहादुर खत्रीले गुलरिया नगरपालिकाले हालसम्म दुई वटा विद्यालय समायोजन गरिसकेको बताउँदै अरू विद्यालयको अवस्था अध्ययन भएको बताउनुभयो । बर्दियामा अहिलेसम्म कुल ३८ वटा विद्यालय समायोजन भएका छन् ।

मधुवन नगरपालिकाका नगरप्रमुख तेजबहादुर भाटले केही समय पहिले नै चार वटा विद्यालय समायोजन भइसकेको बताउनुभयो । गेरुवा गाउँपालिकाका अध्यक्ष जमानसिंह केसीले कार्यविधि बनाएर तयारी गरेर विद्यालय समायोजन गर्ने बताउनुभयो । बाँसगढी नगरपालिकाले हालसम्म विद्यार्थी कम भए पनि विद्यालय समायोजन गरेको छैन । चालु शैक्षिक सत्रमा समायोजन गर्ने योजना भएपछि तयारी नपुगेकाले अर्को शैक्षिक सत्रमा विद्यालय समायोजन गर्ने शिक्षा शाखा प्रमुख छत्र शाहीले बताउनुभयो ।

### भूलसुधार

मिति २०८३।२।२५ गते गोरखापत्रको पृष्ठ २७ मा प्रकाशित **रेल विभाग, विशालनगर काठमाडौँको “धरौटी फिर्ता सम्बन्धी १५ दिने सूचना”** मा **सूचना प्रकाशन मिति २०८३।०२।२५** हुनुपर्नेमा अन्यथा भई प्रकाशित भएकोले सच्याइएको छ ।

### भूलसुधार

मिति २०८३।२।२२ गते गोरखापत्रको पृष्ठ ९ मा प्रकाशित **औद्योगिक क्षेत्र व्यवस्थापन लि., शाखा कार्यालय, पाटन औद्योगिक क्षेत्र, ललितपुर, लगनखेलको “लामो समयदेखि दिन बाँकी देखिएका रकमहरू फरफारक गर्ने सम्बन्धी सार्वजनिक सूचना”** मा सम्पर्क राख्ने समयावधी **३५ (पैँतिस)** दिनभित्र हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


**Kathmandu Metropolitan City**
Office of the Municipal Executives
**Procurement Unit**
Kathmandu Plaza, Kamaladi, Kathmandu

**Invitation for Electronic Bids**

**Notice No. 34-082-83**
**Date of Publication: 2083-02-26**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive, Procurement Unit invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bid Document (NRs.) | Bid Bond Amount (NRs.) | Bid Validity (days) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting |
|---|---|---|---|---|---|---|---|
| 34-54-082-83-NCBG-KMC | The Procurement of Supply ,Delivery ,Installation and Fabrication of Retroreflective HIP Traffic Signs for major Road Sections within KMC | NRs. 3000.00 (NRs.One Thousand Only) | NRs. 1,10,000.00 (Rupees One lakh ten thousands only) | 90 | 2083-03-17 12:00 hour 2026-07-01 | 2083-03-17 14:00 hour 2026-07-01 | 2083-03-08 14:00 hour 2026-06-22 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Kathmandu Metropolitan City, Office of the Municipal Executive, Procurement Unit, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.
5. Pre-bid meeting shall be held at Procurement Unit, Kamaladi, Kathmandu, Nepal on above mentioned date and time.
6. Electronic bids must be submitted to the office Kathmandu Metropolitan City, Office of the Municipal Executive, Procurement Unit, Kamaladi, Kathmandu, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above-mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Kathmandu Metropolitan City, Office of the Municipal Executive, Procurement Unit, Kamaladi, Kathmandu, Nepal. Bids must be valid for a period on above mentioned days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Procurement Unit, KMC.**



**त्रिभुवन विश्वविद्यालय**
**चिकित्सा शास्त्र अध्ययन संस्थान**
**विरगंज नर्सिङ क्यम्पस**
**वीरगंज, पर्सा**

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

**प्रकाशित मितिः- २०८३/०२/२६**

यस क्याम्पस अन्तर्गतको तपशिलमा उल्लेखित निर्माण कार्यको लागि सूचना नं. ०१/०८२/८३ मिति २०८३/०१/१७ गते गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रितपूर्वक e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | खरिद नं. र कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|
| 1 | Maintenance of Teacher Quarter Building of Birgunj Nursing Campus, Birgunj (BNC/PARSA/WORKS/NCB/02/082/83) | Trishul Construction,Parsa | २८,२३,५२३.७६ |

**क्याम्पस प्रमुख**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**नेपाल इन्टरमोडल यातायात विकास समिति**
चोभार, कीर्तिपुर–६, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति : २०८३/०२/२६

यस कार्यालयबाट देहाय बमोजिमको कार्यहरुका लागि गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम रु (VAT र PS सहित) |
|---|---|---|---|
| 1. | Pavement Construction Around Gate and Weigh Bridge Area and Construction of Parking Shed in Biratnagar ICP (NITDB/NCB/C-66(2082/083)) | Suryodaya Nirman Sewa Pvt Ltd. Sinamangal-9,kathmandu | 1,35,78,491.64 |



**अरुण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्याउली, भोजपुर, कोशी प्रदेश, नेपाल**

**अरुण खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मितिः२०८३/०२/२६)**

कोशी प्रदेश, भोजपुर जिल्ला, अरुण गाउँपालिकाद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अरुण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः प्याउली, भोजपुर, कोशी प्रदेश, नेपाल<br>फोन नं.: ९८५२०८२३३३/९८४२५१८६३५<br>इमेलः arunrmun@gmail.com |
| प्रस्तावको व्यहोरा | अरुण गाउँपालिका वडा नं. १,६ हुँदै बग्ने अरुण नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपमा ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन तथा संकलन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | अरुण गाउँपालिका वडा नं. १,६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणाली बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न अरुण गाउँपालिका, १,६ नं. वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**प्रस्तावकः** अरुण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्याउली, भोजपुर, कोशी प्रदेश, नेपाल
फोन नं.: ९८५२०८२३३३/९८४२५१८६३५
इमेलः arunrmun@gmail.com

**परामर्शदाताः** श्री बेन्चमार्क कन्सल्टेन्टस् एण्ड ल्याब प्रा. ली., कौशल्टार, भक्तपुर, बागमती प्रदेश, नेपाल
फोन नं.: +९८५१२४००७०/९८५११४९४८३
इमेलःmailtobmcl@gmail.com